गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रेस रजिष्ट्रेशन कार्यालय
पोखरा, नेपाल

# पत्रकार लेखन वृत्ति (फेलोसिप) कार्यक्रमको सूचना

*(प्रथम पटक प्रकाशित मिति: २०८२/१२/२२)*

गण्डकी प्रदेशमा क्रियाशील पत्रकारहरूको वृत्ति विकास गर्दै खोजमूलक, अनुसन्धानमूलक र आलेखजन्य सामग्रीको उत्पादन, प्रकाशन तथा प्रसारणलाई प्रोत्साहन गर्न पत्रकार लेखन वृत्ति (फेलोसिप) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ बमोजिम चालु आर्थिक वर्षका लागि देहायका विषयमा लेखन वृत्ति (फेलोसिप) प्रदान गरिने भएकाले योग्यता पुगेका इच्छुक पत्रकारहरूबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र रीतपूर्वकको आवेदन आह्वान गरिन्छ।

१. लेखन/प्रसारण वृत्तिका लागि तोकिएका विषयहरू: कार्यविधिको दफा १० मा उल्लेखित विषयहरू ।

२. आवश्यक योग्यता: आवेदक गण्डकी प्रदेशभित्रको सञ्चार माध्यममा कार्यरत पत्रकार वा कुनै सञ्चार संस्थामा आवद्ध नभएको भए गण्डकी प्रदेशमा विगत तीन वर्षदेखि क्रियाशील रहेको स्वतन्त्र पत्रकार हुनुपर्नेछ।

३. आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरू: इच्छुक पत्रकारले कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा निवेदनका साथ देहायका विवरणहरू संलग्न गरी कार्यालयको इमेल वा स्वयं उपस्थित भई बुझाउनुपर्नेछ:

(क) आफूले काम गरेको संस्था र सो संस्थामा आफ्नो जिम्मेवारी, पद/तह,

(ख) लेखन तथा प्रसारण वृत्ति प्राप्तिका लागि आफूले रोजेको विषय/क्षेत्र,

(ग) आफूले तयार गर्ने लेखन तथा प्रसारण सामग्रीको औचित्य, प्रदान गर्न खोजेको सन्देश ३०० शब्दसम्मको,

(घ) आफूले खोज अनुसन्धान गर्न चाहेको विषय वा क्षेत्रले समेट्ने जिल्ला, स्थानीय तह र आफूले रोजेको ठाउँभन्दा बाहिरको सूचना प्राप्त गर्ने सम्पर्क व्यक्तिसहितको संक्षिप्त जानकारी,

(ङ) पत्रकार परिचयपत्रको प्रतिलिपि (स्वतन्त्र पत्रकारको हकमा ३ वर्षदेखि क्रियाशील रहेको खुल्ने प्रमाण)।

(च) नेपाली नागरिकताको प्रमाणपत्र र स्थायी लेखा नम्बर प्रमाणपत्रको प्रतिलिपि।

४. सुविधा तथा सर्तहरू: (क) छनोट भएका पत्रकारले कार्यविधि बमोजिम तोकिएको समयभित्र खोजमूलक सामग्री तयार गरी प्रकाशन/प्रसारण गर्नुपर्नेछ।

(ख) पत्रपत्रिका र अनलाइनका लागि कम्तीमा २,००० (दुई हजार) शब्दको आलेख रिपोर्ट तयार गर्नुपर्नेछ।

(ग) रेडियोमा प्रसारण हुने अडियो सामग्री कम्तिमा १० मिनेटको र टेलिभिजन सञ्चार माध्यममा प्रसारण हुने सामग्रीको भिडियो रिपोर्ट १५ मिनेटको हुनु पर्नेछ ।

(घ) पत्रपत्रिका र अनलाइन माध्यममा प्रकाशन हुने तस्विर कथाको हकमा एक विषयमा कम्तिमा १५ (पन्ध्र) वटा हुनु पर्नेछ ।

(ङ) लेखन सामग्री अनुसूची ३ बमोजिमको ढाँचामा तयार गर्नु पर्नेछ ।

Scanned with CamScanner

गण्डकी प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
# प्रेस रजिष्ट्रारको कार्यालय
पोखरा

(च) लेखन वृत्ति बापत प्रति व्यक्ति बढीमा रु. २५,०००/- ( अक्षरुपी पच्चीस हजार रुपैयाँ) सम्म नियमअनुसारको कर कट्टा गरी प्रदान गरिनेछ।

(छ) समावेशिताको सिद्धान्तलाई समेत आधार मानी छनौट समितिले आवेदकको छनौट गर्नेछ।

५. दरखास्त बुझाउने स्थानः प्रेस रजिष्ट्रारको कार्यालय, गण्डकी प्रदेश, पोखरा वा कार्यालयको इमेल pro.gandaki1@gmail.com मार्फत कागजातहरू स्क्यान गरी तोकिएको म्याद भित्र पठाउन सकिनेछ । म्याद नाघी आएका वा रीत नपुगेका निवेदन उपर कुनै कारबाही हुने छैन।

६. थप जानकारीका लागिः पत्रकार लेखन वृत्ति (फेलोसिप) कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ र पत्रकार लेखन वृत्ति (फेलोसिप) कार्यक्रम कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०८२, प्रेस रजिष्ट्रारको कार्यालयको वेबसाईटबाट प्राप्त गर्न सकिने छ । थप जानकारीका लागि यस कार्यालयको फोन नं. ०६१-४५०८५२ वा मोबाइल नं. ९८५६०१८८५२ मा सम्पर्क गर्न सकिने छ ।

प्रेस रजिष्ट्रार

Scanned with CamScanner